मन्थली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप,
बागमती प्रदेश

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

## सिलबन्दी बोलकबोल सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा भएको व्यवस्था अनुसार तपसिल बमोजिमको कम्प्लेक्स भवनका सटरहरु बहालमा लगाउनु पर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी बोलकबोल आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गरी सोह्रौं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलकबोल अङ्क** पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | फर्म दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | 05/MM/ RS/081-082 | मन्थली नगरपालिका वडा नं. १ ट्राफिक चोक अगाडिको कम्प्लेक्स भवनको ५ वटा सटर | प्रति सटर ७,००० ।- वा सबै सटरको एकमुष्ठ ३५,०००। प्रति महिना | ५००।- | |

**शर्त तथा बन्देजहरु :-**

१. इच्छुक योग्य बोलपत्रदाताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्म वा कम्पनीको हकमा आ.ब. २०८१/०८२ को लागि नविकरण भएको दर्ता/इजाजत-पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारीनामा वा व्यक्तिको हकमा स्थायी लेखा नं. को **प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ४:०० बजे सम्ममा लिखित निवेदन दिएर वोलकवोल फाराम खरिद गर्न सकिनेछ ।**

२. जसको नाममा वोलकवोल खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै फाराम दाखिला गर्नु पर्नेछ ।

३. कबोलकर्ताले कम्प्लेक्स भवनका सटर नं. १ देखि ५ सम्मका प्रत्येक सटरको फरक फरक वा सबै सटरको एकमुष्ठ बहालका लागि बोलकबोल पेश गर्न सक्नेछ । प्रत्येक सटरको अधिकतम कबोल अंक र एकमुष्ट कबोल अंक बरावर भएमा वा केही **सटरको मात्र भाडा कवोल प्राप्त हुन आएमा एकमुष्ट कबोललाई प्राथमिकता दिइनेछ ।**

**४. प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले चक्रीय रुपमा भाडा बृद्धि हुनेछ । सम्झौताको अवधि बढीमा ६ वर्षको हुनेछ । पहिलो सम्झौता भएको महिनाको मसान्त भित्रमा प्रत्येक वर्ष सम्झौता नविकरण गर्नुपर्नेछ ।**

५. घरभाडामा लिन इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको २५% धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मन्थली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सम्लग्न गरी माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म सिलबन्दी बोलपत्र दर्ता गरिसक्नु **पर्नेछ र सोही दिनको २:०० बजे नियमानुसार कर्मचारी र बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलबन्दी वोलकवोलदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी फाराम खोल्न बाधा पर्ने छैन ।**

६. सिलवन्दी वोलकवोल दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।

७. सिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दररेटको अंक वा अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

८. **बोलपत्रदाताले कवोल गरेको अंक बमोजिम ३ महिनारको बहाल रकम सम्झौता गर्न आउदा र प्रत्येक ३/३ महिनामा अग्रिम** रुपमा नगदै वा मन्थली नगरपालिकाको रा.वा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १६८०१००३०१०१०००२ मा बुझाउनु पर्नेछ ।

९. बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।

१०. स्वीकृत भाडा दरको वार्षिक रकम प्रत्यक वर्ष एकमुष्ठ बुझाउन आएमा १० प्रतिशत छुट दिन सकिने छ ।

११. यो सूचना मन्थली नगरपालिकाको *Website: manthalimun.gov.np* मा समेत हेर्न सकिनेछ ।

१२. उक्त कम्प्लेक्समा दैनिक प्रयोग हुने खानेपानी, विद्युत महसुल बोलकबोलदाताले बुझाउनु पर्ने ।

१३. वहाल सम्वन्धी अन्य शर्तहरु बोलकबोलदाता र नगरपालिकाविचको सम्झौता अनुसार हुनेछन् ।

१४. वहाल सम्वन्धी अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत